**बाँफिकोट गाउँपालिकाका अध्यक्ष**

**श्री जनक कुमार बाठाँ मगरद्धारा मिति २०८२ असार १० गते मंगलबार**

**१८ औ गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम**

**बाँफिकोट गाउँपालिका**

**रुकुम पश्चिम**

**२०८२**

बाँफिकोट गाउँपालिकाको गरिमामय १८ औ गाउँसभाका उपाध्यक्ष ज्यू , गाउँसभाका सदस्य ज्यूहरु,

उपस्थित प्रमुख अतिथि, विशेष अतिथि, सम्पूर्ण राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, विषयगत शाखाका शाखा प्रमुख , स्वास्थ्यकर्मी, वडा सचिव, कर्मचारी, सुरक्षाकर्मी, पत्रकार, बाँफिकोट गाउँपालिकाबासि महिला तथा सज्जनबृन्द!

नेपाली जनताले २००७ साल देखि गर्दै आएको संङघर्ष र बलिदानको उपलब्धि स्वरुप जारी भएको नेपालको संविधान बमोजिम दोस्रो कार्यकालमा निर्वाचित चौथो आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गरइरहेको छु। बाँफिकोट गाउँपालिकाको अध्यक्षको हैसियतले आ.व. २०८२।०८३ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु।

नेपालमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायत संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति उच्च सम्मानकासाथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनमा बेपत्ता, घाइते र अपाङ्ग योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु। साथै देश-विदेशमा बसोवास गर्ने सम्पूर्ण बाँफिकोट गाउँपालिकाबासी आमा-बुवा, दाजु-भाई, दीदि- बहिनीहरु, तथा बाँफिकोट गाउँपालिकामा क्रियाशिल सम्पूर्ण राजनीतिक दललाई बिशेष धन्यवाद व्यक्त गर्दछु।

वि.सं. २०८० साल कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भई गएको विनाशकारी भुकम्पबाट अझैपनि अस्थायी आवासमा कष्टकर जीवन ब्यतीत गरिरहेका बाँफिकोट गाउँपालिकाबासीहरुमा संघीय सरकारसंग आवश्यक समन्वय र पहलकदमी गरी छिट्टै निजि आवास पुननिर्माण गरी जीवन सामान्य अवस्थामा फर्काउने बाचा व्यक्त गर्दछु।

"समृद्द नेपाल: सुखी नेपाली " को दीर्घकालीन लक्ष्यलाइ प्राप्त गर्ने राष्ट्रिय लक्ष्यलाइ आत्मसाथ गर्दै नेपालको संविधान, नेपालले अन्तराष्ट्रिय स्तरमा गरेका सन्धि सम्झौता, विश्व व्यापी दीगो विकास लक्ष्य, आवधिक योजना, परियोजना बैङ्क र मध्यमकालीन खर्च संरचनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरू कार्यान्वयन गर्दै गरिबी निवारण, आर्थिक समृद्धि र सामाजिक रुपान्तरण सहितको समावेशी विकास हासिल गर्ने दिशातर्फ आगामी कार्यक्रमहरू केन्द्रित हुनेछन्। बाँफिकोट गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रका नीति तथा कार्यक्रम, बौद्धिक वर्गका राय-सुझाव र गाउँसभाका आदरणीय सदस्यहरुले दिनु भएका मतलाई मार्गदर्शनको रुपमा लिई यो नीति तथा कार्यक्रम तर्जुमा गरेको छु।

उपस्थित गाउँ सभा सदस्यज्यूहरु,

जनताको घरदैलोको सरकारको रुपमा रहेको स्थानीय सरकारको नीति तथा कानुनको निर्माण, कार्यान्वयन, मुल्यांकनका साथै त्यसको दीगोपनलाई समेत मध्यनजर गरेको छु।सेवा प्रवाहमा जनताको अपनत्व, स्वामित्व स्थापना गर्नको लागि " सुशासन र सदाचार, निर्मुल गरौँ भ्रष्टाचार " भन्ने मुल मन्त्रलाई आत्मसाथ गरिएको छ। सुरक्षित, र दीगो भौतिक पूर्वाधार निर्माणलाइ जोड दिइनेछ। गाउँपालिकावासिलाई समृद्ध र सुखि बनाउन, स्वास्थ्य, शिक्षा, कृषि, रोजगार र उत्पादनमा टेवा पुग्ने कार्यक्रमलाइ प्राथमिकता दिइनेछ। निर्णय निर्माणमा दलित, उत्पिडित, महिला, अपाङ्ग, आदिवासि, जनजाती तथा विपन्न वर्गको अपनत्व तथा सहभागिता सुनिश्चित गर्दै आ.व.२०८२।०८३ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तयार गरिएको छ।

बाँफिकोट गाउँपालिकाको संक्षिप्त परिचयः

बाँफिकोट गाउँपालिका नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाँउपालिका, ७५३ वटा स्थानीय तह मध्य कर्णाली प्रदेश अन्तर्गतको रुकुम (पश्चिम ) जिल्लामा पर्ने एक स्थानीय तह हो। गाउँपालिकाको कुल क्षेत्रफल १९०.४३ वर्ग किलोमिटर छ। २०७२ अघिका बाँफिकोट, पिपल, झुला, दुली (वार्ड नं ४, ५ र ६) र मग्मा (वार्ड नं १देखि ६ नं वडा र वडा नं ९) गा.वि.स. गाभिएर बाँफिकोट गाउँपालिका स्थापना भएको हो । गाउँपालिकामा कुल १० वडा रहेका छन र गाउँपालिका केन्द्र बाँफिकोट ४ कोटमा अवस्थित छ। बाँफिकोट गाउँपालिका पूर्व तर्फ रुकुम पूर्व जिल्लाको सिस्ने गाउँपालिका, दक्षिणमा मुसिकोट नगरपालिका, पश्चिममा सानीभेरी गाउँपालिका र उत्तरमा आठबिसकोट नगरपालिका पर्दछ। सानीभेरी नदीको किनारामा अवस्थित छिनखेत बजार यस बाँफिकोट गाउँपालिकाको व्यापारिक क्षेत्रमध्ये एक मुख्य क्षेत्र हो। यस बाँफिकोट गाउँपालिकाको मुख्य पर्यटकिय स्थल स्यार्पु ताल, बुढुमष्ट, भम्पु लेक, झारमारे, तार्सुकाँडा,त्रिशुलगारे, गुप्तीदह, मैलगैरी, कालभैरव, सानोभेरी लगायतका रहेका छन्। वि.सं. २०७८ को जनगणना अनुसार यस गाउँपालिकामा ४८२७ परिवार रहेका छन्। गाउँपालिकामा पुरुषको संख्या १००८५ र महिलाको संख्या १०८५५ गरी कुल जनसंख्या २०९४०/ रहेको छ।

गाँउ सभा सदस्यज्यूहरु,

आर्थिक वर्ष २०८२।०८३ को लागि अनुमानित कूल बजेट ५०२५७४५६३/ पचास करोड पच्चीस लाख चौहत्तर हजार पाँच सय त्रिसाठ्ठी रुपैँयाको प्रारम्भिक प्रक्षेपण गरेको छु। यही बजेटको स्रोत र सीमा भित्र रही देहायका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

<u>क) आर्थिक विकासः</u>

<u>कृषि, सिचाई तथा पशुपन्छि विकासः</u>

१ "आर्थिक समृद्धिको पहिलो आधार कृषि" भन्ने मुल नारालाइ आत्मसाथ गरी कृषिलाई व्यवसायिक, आधुनिक बनाइ रोजगारी सिर्जना गर्न, खाद्यन्नमा आत्मनिर्भर बन्न, गरिबी र भोकमरी अन्त्यका लागि आवश्यक भू उपयोग तथा कृषि पूर्वाधारको निर्माणलाइ प्राथमिकता दिइनेछ। कृषकको उत्पादनलाइ बजार स्थल सम्म पुर्याउन कृषि हाटबजार तथा साझा सुविधा केन्द्रको विस्तार, कृषि सडक सञ्जाल स्थापना, बाँफिकोट गाउँपालिका ४ छिनखेतमा यसै आ व बाट दुग्ध संकलन तथा भण्डार केन्द्र सन्वालनमा ल्याइनेछ , कृषकलाई आत्म सम्मानमा जोड दिइनेछ ।

२ सङ्घीय सरकारसँगको साझेदारीमा किसान सूचीकरण गरी किसानलाई परिचयपत्र उपलब्ध गराउने कार्यक्रमलाइ निरन्तरता दिइनेछ । परिचयपत्र प्राप्त वास्तविक किसानहरूलाई उत्पादन अनुपातको आधारमा प्रोत्साहन तथा सहलगानी गरिनेछ । कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम, कृषि तथा पशु बिमा कार्यक्रम, आलु ,अदुवा,बेसार, लसुन, मसला वाली, किवि, सुन्तला, कागती, ओखर, टिमुर , कुरिलो, अलैंची, एभोकाडो पकेट क्षेत्र स्थापना गरी कृषि पकेट कार्यक्रम मार्फत कृषि जन्य वस्तुको निर्यातलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । प्याजको विउ उत्पादन कार्यक्रम सन्चालनमा आवश्यक वजेट व्यवस्था गरिनेछ । कृषि वालीमा लाग्ने रोग किरा नियन्त्रणका उपाय अवलम्बन गरिनेछ । बाँझो जग्गा सदुपयोगकालागि कृषि विकास कार्यक्रम सन्चालन गरिनेछ ।

३ पशु पन्छिमा लाग्ने रोगको उपचारको लागि औषधि खरिद तथा खोप भण्डारण व्यवस्था गरिनेछ । दुग्ध उत्पादनका लागि पशु नस्ल सुधार गर्न आवश्यक देखिएकोले कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । पशु आहारका लागि घाँस खेतिको कार्यक्रम सञ्चालन गरिनेछ । पशुपन्छीमा महामारी /आकस्मिक रोग नियन्त्रण कार्यक्रम सन्चालन गरिनेछ ।

४ गाउँपालिका भित्रका पशुपंक्षी फर्म, मासु पसल, एग्रोभेट पसलहरु दर्ता गरि नियमन गरिनेछ। कृषकहरूलाई समयमै मल बिउँ उपलब्ध गराउन आवश्यक समन्वय र सहकार्य गरिनेछ। "एक गाउँ एक कृषि तथा पशु प्राविधिक" कार्यक्रमलाई निरन्तरता दिईनेछ। कृषि उत्पादन, प्रदर्शनी मेला आयोजना गरिनेछ र उत्कृष्ट कृषकलाई पुरूस्कृत गर्ने व्यवस्था मिलाइने छ। ब्यावसायिक मौरी पालन व्यवसायलाई प्रवर्द्धन गर्न बाँफिकोट गाउँपालिकालाइ आर्गानिक मह उत्पादन केन्द्रको रुपमा विकास गरिनेछ ।

५  बैदेशिक रोजगारमा सिकेको ज्ञान र सीपलाई कृषिमा आधारित उद्योग स्थापना गर्न उपयुक्त वातावरण निर्माण गरिनेछ ।बाँफिकोट गाउँपालिकाकामा चिस्यानकेन्द्र  निर्माण गरी किसानले उत्पादन गरेका कृषि समाग्रीलाई लामो समयसम्म सुरक्षित राखि उचित बजार मूल्य किसानले प्राप्त गर्ने ब्यवस्था मिलाईनेछ।

६  कृषि भ्रमण कार्यक्रम मार्फत ब्यावसायिक कृषक तथा प्राविधिकको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम ल्याइनेछ। कृषि समुहलाई सहकारीमा परिणत गरि सामुहिक खेती र व्यवसाय गर्न अभिप्रेरित गरिनेछ। पालिकालाई खाद्यान्न, तरकारी, फलफुल, दुध, मासु, अण्डा आदिमा आत्मानिर्भर बनाइनेछ। उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई जोड दिइनेछ।

७ बाँफिकोट गाउँपालिकामा संचालित कुलोहरुको निर्माण,  नियमित मर्मत सम्भार गरिनेछ। आधुनिक कृषि औजारहरुको प्रयोगमा जोड दिइनेछ। कृषिमा यान्त्रीकिकरण, आधुनिकिकरण, व्यवसायिकरण, र रोजगार मैत्री खेतीपातीमा जोड दिदै रैथाने   वाली, विउबिजन संरक्षण र प्रवर्द्धन का लागि उत्कृष्ट रैथाने बाली उत्पादक किसानलाई सम्मान गरिनेछ। भकारो सुधार र कम्पोष्ट मल उत्पादन गरि अर्गानिक कृषि उत्पादनलाई जोड दिइनेछ।

<u>उद्योग वाणिज्य तथा व्यापारः</u>

८  बाँफिकोट गाउँपालिकाको उद्योग क्षेत्रमा श्रोत साधनको समुचित प्रयोग गरि राष्ट्रिय औद्योगिक नीतिलाई टेवा पुग्ने गरी कार्यक्रम सन्चालन गरिनेछ । साना तथा घरेलु उद्योगहरुलाई विकास एवम् विस्तार गर्न व्यवसायीक तालिमहरुको व्यवस्था गरिनेछ। औद्योगिक ग्राम स्थापना गरिनेछ। परम्परागत उद्योगहरुको संरक्षणका लागि तालिमको व्यवस्था गरिनेछ। स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु जस्तै नेपाली कागज, बिउ प्रशोधन, गार्मेन्ट, फर्निचर, राडिपाखि, ग्रिल, साबुन, अचार, बाँसकोचोया, फलामे औजार निर्माण सम्वन्धि तालिम दिइ उद्योग संचालन गर्न आवश्यक सहयोग गरिनेछ। लघु, घरेलु तथा साना उद्योगहरुको सहज रुपमा दर्ता , नवीकरण, खारेजी, नियमन, संचालन तथा व्यवस्थापनमा सहयोग गरिनेछ। वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता तालिम दिई उद्योग स्थापनामा सहयोग गरिनेछ।

९ बजारमा कालो बजारी, एकाधिकार, अस्वस्थ प्रतिस्पर्धा, कृत्रिम अभाव सिर्जना, उपभोक्ता हित विपरितका कार्य हुन नदिन नियमित अनुगमन गरिनेछ। म्याद नाघेका खाद्य तथा पेय पदार्थको बिक्रि बितरणलाई रोक्न बजार अनुगमन गरि संलग्नलाइ कार्वाहि गरिनेछ र म्याद नाघेका वस्तुलाई नष्ट गरिनेछ।

१०  जलविद्युत विकासकालागि स्यार्पु हाइड्रो पावर कम्पनीमा बाँफिकोट गाउँपालिकाबाट शेयर लगानी गरी स्यार्पु हाइड्रो पावर कम्पनीमा बाँफिकोट गाउँपालिकाको शेयर स्वामित्व हिस्सा अभिवृद्धि गरिनेछ । उद्यमशिलता विकासकालागि सम्भाव्य  उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नको लागि ५ जनाको समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम,  गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमी सिर्जना , उद्यमीको स्तरोन्नती,पुनर्ताजगी सीप विकास तालिम सन्चालन गरिनेछ

<u>पर्यटन प्रवर्द्धन  तथा साहित्य, संस्कृति संरक्षण</u>

११  पर्यटन पूर्वाधारहरुको विकास गरि आन्तरिक र वाह्य पर्यटनलाई प्रर्वद्धन गरिनेछ।बाँफिकोट गाउँपालिकामा प्यारागलाईडिङ  पूर्वाधारको विकास गरी यसलाई व्यवसायिक बनाउनको लागि आवश्यक ब्यवस्था मिलाईनेछ । प्रमुख पर्यटकीय स्थलमा पूर्वाधारहरुको निर्माण गरिनेछ। धार्मिक - पर्या पर्यटनलाइ जोड दिइनेछ । बुरालमष्ठ, कालभैरव, शिवालय, कुनाखेत,  बज्यूमन्दिर लगायत मठ मन्दिरको संरक्षण गर्नुकासाथै  धार्मिक तथा पुरातात्विक स्थानहरुको खोज, पहिचान, संरक्षण तथा प्रचार-प्रसारमा पहल गरिनेछ।

१२  पर्यटकहरुको सुविधाको लागि होटेल, होमस्टे, पदमार्ग सुधार, पर्यटन मेला सन्चालनमा गाउँपालिकाले स्थानीयबासीसँग सहकार्य गर्ने नीति लिनेछ । स्यार्पू दह, तार्सुकाँडा, मेलगैरी, झारमारे, थुमालेख, त्रिशुलगारे, गुप्तीदह, भेरिखोला जारकाटे, पाथिभरेलाई हल्लिने ढुङ्गा स्यानीदक बतासेगुफा दुधिलचौर दादुरे झरना सिमैछहरी लगायत धार्मिक तथा पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ। भम्पु चौरलाई Picnic Point स्थापनाको रुपमा विकास गरिनेछ। बाँफिकोट गाउँपालिकाबाट पर्वातारोहन तथा पर्यटन क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति तथा संस्थाहरुलाई पुरस्कृत गरिनेछ।

१३  स्थानीय मौलिक कला ,संस्कृति, भाषा, भेषभुषा र सभ्यताको संरक्षण तथा सम्वर्द्धनका साथै वाजा संरक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ। गाउँपालिका भित्र रहेका सबै मठमन्दिरहरुको संरक्षण मर्मत संभार गरिनेछ ।

१४ पालिका भित्र नाचिने नाच र गाईने गीत संगीत, प्रथा परम्पराको संरक्षण र सम्वर्द्धन गरिनेछ। स्थानीय साहित्यकार, कलाकार, मुर्तिकारको कृति प्रकाशन र प्रदर्शनीमा सहयोग गरिनेछ । साहित्यको विकासको लागि प्रकाशित कृतिको मूल्याङ्कन गरि पालिकाले बार्षिक रुपमा पुरस्कार प्रदान गर्ने व्यवस्था मिलाईनेछ।वार्षिक साहित्य सम्मेलनको आयोजना गर्ने व्यवस्था गरिनेछ।

<u>सहकारीः</u>

१५ गाउँमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी बेरोजगार महिला तथा युवाहरुलाई रोजगारी सिर्जना गर्दै विकासको मूल साझेदारको रुपमा सहकारीलाइ विकास तथा विस्तार गरिनेछ । "गाउँ गाउँमा सहकारी घर घरमा भकारी" नीतिलाई अवलम्बन गर्दै  सहकारीका रुपमा कृषि, पशुपालन र पशुजन्य उद्योगहरुलाई प्रोत्साहन गरिनेछ। साना बचत तथा आय-आर्जन, कुटिर उद्योगहरु, कृषिजन्य उद्योगहरुमा सहकारी क्षेत्रको लगानी बढाईनेछ।

१६ यस गाउँपालिका भित्र रहेका सहकारीहरुलाई प्रवर्द्धन गर्न लेखा व्यवस्थापन लगायतका तालिमहरु संचालनमा ल्याइनेछ। सहकारी क्षेत्रको विकासको लागि निरन्तर रुपमा सहकारीहरुको अनुगमन तथा नियन्त्रण गरिनेछ। सहकारी मार्फत यस गाउँपालिकाको आर्थिक समृद्धि प्राप्त गर्न सक्ने सम्भावना रहेकाले साना सहकारीलाई एकीकृत गर्दै पूँजी विस्तारमा सहयोग गरिनेछ । सहकारीको दर्ता, नविकरण, खारेजी, अनुगमन, नियमनलाई सरल, सहज, छिटोछरितो र प्रभावकारी बनाइनेछ। बाँफिकोट गाउँपालिकामा रहेमा निष्क्रिय श्रम सहकारीलाइ खारेजी गर्न आवश्यक सहयोग तथा समन्वय गरिनेछ ।

<u>ख) सामाजिक क्षेत्रः</u>

<u>शिक्षाः</u>

बाँफिकोट गाउँपालिकालाई गुणस्तरीय शिक्षाको केन्द्रको रुपमा विकास गर्न यस वर्षलाई सार्वजनिक विद्यालय सुधारको आधार वर्ष घोषण गरी देहाय अनुसारका नीतिहरु अवलम्बन गरिनेछः

१७  आधारभुत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्म सवै बालवालिकाको सहज पहुँच सुनिश्चित गर्दै गरीव,जेहन्दार द्धन्दपिडित र दलित बालबालिकालाई छात्रवृत्तिका लागि आवश्यक कार्य अगाडी वढाइनेछ । "बालबालिकालाई विद्यालय ल्याऔँ , टिकाऔँ र सिकाउ " कार्यक्रमलाई निरन्तरता दिइनेछ। निजि विद्यालयहरुको नियमनको लागि आवश्क कानुनको निर्माण गरिनेछ।

१८  विद्यार्थीहरुको सर्वाङगीण व्यक्तित्व विकासको लागि अन्तरविद्यालय तथा पालिकास्तरीय खेलकुद कार्यक्रम तथा वौद्धिक कार्यक्रमलाई जोड दिइनेछ। जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा स्वर्ण पदक विजेता खेलाडी तथा क्षेत्रिय स्तरीय खेलमा छनोट हुने खेलाडीहरुलाई उचित पुरस्कार र सम्मान गरिनेछ ।

१९  सामुदायिक विद्यालयको व्यवस्थापनलाई प्रभावकारी ,व्यवस्थित पार्दशि सुशासनयुक्त बनाउन विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई विद्यालय व्यवस्थापन सम्वन्धि तालिमको व्यवस्था गरिनेछ । शिक्षकहरुको पेशागत क्षमता विकासको लागि तालिमको व्यवस्था गरिनेछ। विद्यार्थीको उपलब्धिलाई शिक्षकको कार्यसम्पादन सँग प्रत्यक्ष आवद्धता गरी पुरुस्कार सहित सम्मान गर्ने व्यवस्था मिलाइनेछ। विद्यालयहरुको नक्सांकन तथा मापदण्ड निर्माण गरी पालिकास्तरीय शिक्षक दरबन्दी मिलान गर्ने नीति लिइनेछ ।

२० आधारभुत तह कक्षा (१-५) ,(६-८) र (९-१२) पालिकास्तरीय एक-एक ओटा नमुना विद्यालय स्थापना गरिने निति अवलम्वन गरिनेछ। पालिकाले प्राविधिक शिक्षामा जोड दिने नीति लिनेछ। पालिकाभित्र प्राविधिक विद्यालय सञ्चालन तथा तिनीहरुको क्षमता सुधार तथा गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ। विद्यालयहरुलाई दिइने सवै अनुदान नतिजामा आधारित बनाइनेछ।

२१ विद्यार्थी मूल्याकंन र परिक्षा प्रणालीलाई प्रभावकारी बनाईनेछ। कक्षा ५ को परीक्षा वडा सरकारले सञ्चालन गर्ने तथा कक्षा आठको परीक्षा पालिकाले व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। पालिका स्तरीय शैक्षिक कार्यतालिका निर्माण गरी पालिकास्तरीय शैक्षिक कार्यक्रममा एकरुपता ल्याइनेछ। पालिकास्तरीय शैक्षिक गतिविधिको सुपरिवेक्षण, अवलोकन तथा मूल्याकंनलाई प्रभावकारी बनाइनेछ। विज्ञ समुह निर्माण गरी नमुना पाठ प्रर्दशन तथा कक्षा अवलोकन गरी ज्ञानको आदानप्रदान तथा पृष्टपोषण प्रदान गरिनेछ।

२२ विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय खाद्य वस्तु उत्पादनलाई प्रोत्साहन गरी बाँफिकोट ब्राण्डको चना,कोदो,फापर,मकै, गहूँ, भटमास र केराउ जस्ता अर्गानिक खाजाको व्यवस्था गरिनेछ। यसका साथै विद्यालयलाई जंक फुड निषेधित क्षेत्र घोषणा गर्नका लागि आवश्यक नीति अवलम्बन गरिनेछ। वि.स. २०८१ साल कार्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु बनाइ गएको भुकम्पले क्षति पुऱ्याएका विद्यालयहरुको भवनलाई पुनर्निर्माणको लागि पहल गरिनेछ।

२३ सबै विद्यालयहरुमा अंग्रेजी, गणित, विज्ञान र नेपाली विषयको पठन पाठनको लागि विषयगत शिक्षकको व्यवस्था गरी गणित र विज्ञानलाइ समेत अंग्रेजी माध्यम बाट पठनपाठनमा जोड दिने नीति अवलम्वन गरिनेछ।माध्यमिक विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम लागु गरिनेछ। शिक्षण सिकाइलाई प्रभावकारी एवं व्यवस्थित बनाउन सबै विद्यालयमा इन्टरनेट तथा डिजिटल हाजिरको व्यवस्था, शिक्षकहरुको भर्ना गर्दा योग्यता, स्वच्छता र निष्पक्षताको आधारमा गरिनेछ।

२४ शिक्षक भर्ना र सरुवा प्रक्रियालाई ब्यवस्थित गरिनेछ। गाउँपालिका भित्र अन्तरविद्यालय शिक्षक सरुवा गर्ने नीति लिइनेछ। विद्यालयको समन्वयमा शिक्षक विद्यार्थी र अभिभावक वीच अन्तरक्रिया कार्यक्रम गर्ने नीति लिइनेछ। पाँच वर्ष सेवा अवधि पुरा गरेका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको प्रतिष्पर्धाको माध्यम बाट प्र.अ. छनोट गर्ने नीति लिइनेछ।

२५ पालिकास्तरीय कक्षा ८ को नतिजा प्रकाशनगर्नका लागि Web Based System (Website) बाट लब्धाङ्क पत्र (Mark-Sheet) सहितको नतिजा हेर्ने प्रणाली विकास गर्नका लागि आवश्यक बजेट विनियोजन गरि उक्त कार्यक्रम कार्यान्वयन गरिनेछ। विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यसम्पादनमा आधारित प्रोत्साहान , सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाइ छात्रवृति, कक्षा ६-१२ मा पढने विपन्न विद्यार्थी लक्षित छात्रवृति, शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम परम्परागत विद्यालय वैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम , शैक्षिक सुशानका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण , प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाकालागि विद्यालय अनुदान, कक्षा१-५का विद्यार्थीलाई दिवा खाजा, विद्यालय सन्चालन तथा व्यवस्थापन अनुदान, विद्यालयमा अध्ययनरत छात्राहरु लक्ष्यित स्यानीटरी प्याड वितरण, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको मापदण्ड बमोजिम सामुदायिक विद्यालय साझेदारी शिक्षालयमा प्राविधिक शिक्षा सन्चालन अनुदान, कार्यक्रमहरु प्रभावकारी रुपमा सन्चालन तथा व्यवस्थापन गरिनेछ।

स्वास्थ्यः

२६ नागरिकलाई आधारभुत स्वास्थ्य सेवा निशुल्क प्रदान गरिनेछ। गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरिनेछ। उत्कृष्ट स्वास्थ्य स्वयंम सेविकालाई पुरस्कार सहित सम्मान गरिनेछ। नियमित खोप लगाउन छुटेका बालबालिकालाई खोप पुरा गरी पुर्ण खोप पालिका सुनिश्चित गरिनेछ। धुमपान, मध्यपान, लागुपदार्थ दुर्व्यसन नियन्त्रणको लागि स्थानीय संघ संस्थाहरुसँग समन्वय गरी सचेतना कार्यक्रम संचालन गरिनेछ।

२७ विशेष मातृ शिशु स्याहार कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गर्नुका साथै बर्थिङ सेन्टर सुधार गरि संस्थागत सुत्केरी (No Home Delivery) गराउने कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ। . गाउँपालिकाभित्र एम्बुलेन्स सेवालाई थप प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ। सुत्केरी हुन अस्पताल जाने महिलाहरूलाई वर्थिङ सेन्टरको रिफर भएमा जिल्लाभित्र पूर्ण निःशुल्क सेवा प्रदान गरिनेछ । साथै गाउँ-गाउँमा पुगेर गर्भवती महिलाहरूका लागि भिडियो एक्सरे गर्ने व्यवस्था मिलाइनेछ। बाँफिकोट गाउँपालिकालाई शून्य होमडेलिभरी सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ।

२८ पालिकास्तरीय अस्तपतालको कार्य सम्पन्न गरि छिट्टै सेवा प्रवाहको लागि पहल गरिनेछ। सो कार्यको लागि नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न संघ संस्थाको सहयोग समेत लिइनेछ। स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न घुम्ति स्वास्थ्य सेवा शिविर,मानसिक स्वास्थ्य सेवा शिविर,शिशु स्वास्थ्य खोप कार्यक्रमलाई विशेष जोड दिईनेछ। कुपोषण भएका बच्चाहरुको पहिचान गरि निःशुल्क उपचारको व्यवस्था गरिनेछ। अति विपन्न र उपचार बाट बञ्चित घर परिवारहरुलाई स्वास्थ्यमा थप सहयोग गर्ने नीति लिइनेछ।

२९ विद्यालयसंग समन्वय गरी किशोर किशोरीहरुका लागि प्रजनन् स्वास्थ्य तथा यौन शिक्षा सम्बन्धिका कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वन गरिनेछ। निःशुल्क औषधि वितरणको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ। स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारि बनाउन आवश्यक जनचेतना अभिवृद्धि गरिनेछ। मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम, आकस्मिक अवस्थामा औषधी एवम् ल्याव सामग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण गरिनेछ । क्षयरोग कार्यक्रमको योजना तर्जुमा, कोहर्ट विश्लेषण,मातृ तथा नवशिशु कार्यक्रम अन्तरगत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा रक्तसंचार न्यानो झोला सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम , स्वास्थ्य चौकी आधारभुत स्वास्थ्य सेवा केन्द्रको न्युनतमा सेवा मापदण्ड कार्यक्रम अभिमखीकरण समीक्षा फलोअप अनुगमन तथा सुदृढिकरण कार्यक्रम संचालन गरिनेछ । म स्वस्थ्य मेरो समुदाय स्वस्थ्य घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी जनचेतना स्कृनिङ कार्यक्रम, CBIMNCI कार्यक्रम, किशोर किशोरी स्वास्थ्य सेवा, नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरुको मासिक बैठक डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक र वार्षिक समीक्षा कार्यक्रम, क्षयरोगका जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम र पि .बि.सि. विरामीका घरपरिवारका सदस्यहरुको समपर्क परीक्षण कार्यक्रम, परिवार योजना सेवा, पोषण कार्यक्रम, स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सन्चालन, सरसफाइ प्रवद्धन कार्यक्रम निरन्तर खोपबाट बचाउन सकिने रोगहको खोजपडताल तथा निगरानी पूर्णखोप सुनिश्चतता र दिगोपनाकालागि ब्यवस्थापन खर्च कार्यक्रम, नागरिक आरोग्य सेवा, महामारीजन्य रोगहरुको रोकथाम अनुसन्धान र नियन्त्रण कार्यको लागि द्रुत प्रतिकार्य अभिमुखीकरण आपतकालीन अवस्थामा आर आर टी परिचालन कार्यक्रम, जुनोटिक रोगहरु सम्बन्धी पैरवी तथा अभिमुखिकरण कार्यक्रम, विश्व रक्तचाप दिवस- आत्महत्या न्युनीकरण दिवस लगायतका स्वास्थ्य दिवस सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ ।

३० पोषण स्वास्थ्य सुधारका लागि बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।दलित विपन्न लाई निःशुल्क स्वास्थ्य बिमा, स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति, औषधि, उपकरण, भवनको व्यवस्था गरिनेछ।सबै वडाहरुमा रहेका जेष्ठ नागरिकहरुलाई घरघरमा गई स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ । दिर्घ र अशक्त रोगीहरुलाई औषधि उपचार सहयोग उपलव्ध गराइनेछ। सबै वडाहरुलाई पुर्णसरसफाई युक्त वडा घोषणा गरिनेछ। महिला स्वयमसेविका प्रोत्साहन पोशाक यातायात खर्च कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

३१ पालिकामा आयुर्वेद उपचार केन्द्र र जडिबुटी प्रवर्द्धनको योजना संचालन गरिनेछ। आकस्मिक दुर्घटनामा परेका नागरिकहरुलाई प्राथमिक स्वास्थ्य उपचार केन्द्र सम्म निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ। क्यान्सर, मृगौला रोगी, मुटू रोगी, स्पाइनल इन्जुरी लगायतका दिर्घरोगीहरुलाई पहिचान गरि राहतको व्यवस्था गरिनेछ। पालिकास्तरको अस्पतालमा MBBS डाक्टरको व्यवस्था गरी उपचार प्रणालीमा सुधार गरिनेछ।

३२  बालबालिकालाई प्रदान गरिने बालपोषण भत्ता सम्बन्धित बालबालिकाको पोषणमा खर्च गर्ने अवस्था सिर्जना गरिनेछ। बालपोषण भत्ता प्राप्त गर्न अनिवार्य रुपमा खोप लगाएको र तौल जाँच गराएको आधिकारिक प्रमाण पत्र पेश गर्नुपर्नेछ। बाल तथा मातृशिशु स्वास्थ्यलाई सुदृढ,पोषण सचेतना अभिवृद्धि, पोषण मैत्री विद्यालय दिवाखाजा,पोषणमैत्री वडा तथा गाउँपालिका निर्माण,   सुनौला हजार दिनका महिला समूह आयआर्जन कार्यक्रम, भान्सा तथा करेसाबारी सुधार कार्यक्रम सन्चालन गरिनेछ।  गर्भवती आमासँग उपाध्यक्ष कार्यक्रम सन्चालन गरिनेछ।

<u>खानेपानी सरफाई तथा स्वच्छताः</u>

३३  "स्वच्छ पानी सुरक्षित जिन्दगानी" भन्ने नारालाई आत्मसाथ गर्दै सबै नागरिकलाई सहज खानेपानी पहुच उपलव्ध गराइनेछ। वृक्षारोपन गरी पानीका मूल, मुहान र स्रोतलाई संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। आ.व. २०८२।०८३ मा खानेपानी सरसफाई तथा स्वच्छता योजना (Water Sanitation and Hygiene) WASH Plan निर्माण गर्ने कार्यलाई निरन्तरता दिई पहिलो त्रैमासिक अवधि भित्र उक्त कार्य सम्पन्न गरिनेछ। उक्त कार्य गर्नका लागि आवश्यक पर्ने बजेट समेत व्यवस्थापन गरिनेछ।

३४  "एक घर एक धारा" बाट स्वच्छ र सफा खानेपानी उपलव्ध गराउन  कार्यक्रमलाई एक घर एक धारा नपुगेका वडा तथा टोलहरुमा निरन्तरता दिईनेछ। खानेपानी योजनाको नियमित मर्मत सुधारमा जोड दिइनेछ।युवाहरुलाई खानेपानीको संरक्षण निर्माण र प्लम्बिङ सम्बन्धि तालिम प्रदान गरिनेछ। खानेपानीको गुणस्तर परिक्षण गर्नको लागी ल्यावको व्यवस्था गरिनेछ। सबै वडालाई पुर्ण सरसफाईका सुचकहरु पुरा गराई पालिकालाई नै पुर्ण सरसफाई युक्त पालिका घोषणा  गरिनेछ।

३५  बजार क्षेत्रमा उत्पादन हुने फोहोरजन्य वस्तुहरुको न्युनिकरण गरि उचित व्यवस्थापन गर्नका लागि पालिकास्तरीय सरसफाई कार्यक्रम गरिनेछ। प्रत्येक घरमा फोहोरमैलाको वर्गीकरण गरी कम्पोष्ट मल बनाउने तालिम सञ्चालन गरिनेछ। गाउँपालिका क्षेत्रलाई प्लास्टिकमुक्त क्षेत्र बनाउन विशेष कार्यक्रम तर्जुमा गरिनेछ। पालिका अन्तर्गत रहेका सम्पूर्ण पसलहरुले अनिवार्य रुपमा फोहोरमैला व्यवस्थापनका लागि डस्टबिन प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ। पर्यटकीय स्थल तथा सार्वजनिकस्थल लगायतका सार्वजनिक सरोकार राख्ने ठाउँहरुमा प्लाष्टिक तथा शिसाजन्य फोहोरमैला व्यवस्थापनको लागि आवश्यक नीति अवलम्बन गरिनेछ। जथाभावि रुपमा सार्वजनिक स्थानहरुमा फोहोर फालेमा प्रचलित कानुन बमोजिम कार्वाही गरिनेछ।

<u>खेलकुद तथा मनोरञ्जन</u>

३६ "राष्ट्रको लागी खेलकुद स्वास्थ्यको लागि खेलकुद" भन्ने नारालाई अबलम्बन गर्दै  सबै तहका विद्यालयहरुमा खेलकुद विकासलाई विशेष जोड दिइ खेलकुदका कार्यक्रमहरु सञ्चालनमा ल्याउनुका साथै खेल सामाग्रीहरु उपलब्ध गराइनेछ। विद्यालयस्तरीय वडास्तरीय विभिन्न खेलकुदका कार्यक्रमहरु सञ्चालन गरी खेलकुदलाई प्रतिस्पर्धात्मक बनाउनका साथै यसको व्यवसायिकतामा जोड दिइनेछ। यस गाउँपालिकाबाट राष्ट्रिय प्रतिभाहरु उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउन र खेलाडीलाई प्रोत्साहन गर्न विशेष सुविधाहरु उपलब्ध गराइनेछ। राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक विजेताहरुलाई विशेष सम्मानको कार्यक्रम आयोजना गरिनेछ। खेलकुद पूर्वाधारहरुको विकासमा जोड दिइनेछ।

३७  खेलकुद सँग सम्बन्धित क्लब तथा संस्थाहरुलाई सुदृढ एवम् व्यवस्थित बनाउन आवश्यक मापदण्ड तथा कार्यविधि बनाईनेछ। स्थानीय युवा तथा बालक्लबहरु मार्फत खेलकुद सम्बन्धि क्रियाकलाप संचालन गर्ने नीति ल्याइनेछ।

<u>महिला, जेष्ठ नागरिक , बालबालिका  तथा समावेशी विकास</u>

३८ तुलनात्मक रूपमा दलितहरू आर्थिक विपन्न र सिपका सम्पन्न छन्। उनीहरूको परम्परागत पेसालाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै लिइनेछ। महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरू लगायतका लक्षित वर्गहरूका लागि सीप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ। बालबालिकाहरूको क्षमता विकासका उपयुक्त अवसरहरू प्रदान गरिनेछ।

३९  बालविवाह, छुवाछुत, महिला हिंसा, बालश्रम शोषण, मदिरापान तथा विक्रीवितरण, धाँमी झाँक्री लगायतका अन्धविश्वास, कुसंस्कार, कुरीतिलगायतका सामाजिक सांस्कृतिक विकृति विसङ्गति विरुद्ध सामाजिक सांस्कृतिक रुपान्तरणको अभियान सञ्चालन गरिनेछ। बालविवाह गर्ने गराउने तथा प्रोत्साहन गर्नेहरूलाई सामाजिक बहिष्कारको नीति अवलम्बन गरिनेछ।

४० लैगिंक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ। लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीतिको अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ। गाउँपालिकाको नीति, कार्यक्रम र बजेटको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण वार्षिकरुपमा गर्ने व्यवस्था मिलाइने छ। लैङ्गिक हिंसा एवम् विभेद विरुद्धका कार्यक्रमहरूको नियमित समीक्षा, अनुगमन मूल्याङ्कन कार्यलाई प्राथमिकता दिइनेछ। महिला, दलित, विपन्न वर्गको क्षमता विकास र दिगो आयआर्जनमा टेवा पुर्याउन आयआर्जमूलक र सीपमूलक तालिमको व्यवस्था गरिनेछ। किशोरीहरूका लागि आत्मरक्षा तालिमको व्यवस्था हुनेछ।

४१  विभिन्न सरकारी, गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरि बालबालिकाको क्षेत्रमा आवश्यक व्यवस्था गरि यस गाउँपालिकालाई बालमैत्री स्थानीय शासनको सुनिश्चतता गरिनेछ। महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जनजाति, जेष्ठ नागरिक, दलित, पिछडिएको वर्गको जीवनस्तरमा सुधार ल्याउन विशेष कार्यक्रमहरु संचालन गरिनेछ। गाउँपालिका भित्र निर्माण गरिने संरचनाहरु लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक कार्यहरु गरिनेछ। लैङ्गिक हिंसा विरुद्धको सोह्र दिने अभियान, अन्तराष्ट्रिय महिला श्रमिक दिवस जस्ता कार्यक्रमहरुलाई सचेतना अभिवृद्धिमूलक कार्यक्रमहरुको रुपमा निरन्तरता दिइनेछ।

४२  सीप तथा क्षमता विकाश तालिम संचालन केन्द्र, सिपमुलक तालिममा कम्प्युटर, ड्राईभिङ लगायतका तालिममा महिलाहरुलाई विशेष सहभागी गराईनुका साथै सिटि हल, बालगृह, महिला आपतकालीन पुनस्थापना केन्द्र, वृदाश्राम, कोसेली घर लगायतको स्थापना, संचालन तथा व्यवस्थापनमा विशेष जोड दिई सो को लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ।

४३  अपांग परिचय पत्र, जेष्ठ नागरिक परिचय पत्र वितरणलाई सहज बनाई परिचय पत्रको आधारमा यातायात, विद्यालय, अस्पताल, रोजगारी, सुपथ मुल्यमा पसल लगायतमा सहुलियत तथा सुविधा पाउने व्यवस्था गरिनेछ।

४४  महिला तथा बालमैत्री गाउँ स्थापनाका लागि महिला, अपाङ्ग तथा बालअधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने नीति लिइनेछ। अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण गरि अपाङ्गता परिचयपत्र वितरणका लागि यस पालिकाका सबै वडाहरुमा घुम्ति शिविर सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।शहिद परिवार परिचयपत्र वितरणका साथै आर्थिक सहायता उपलब्ध गराउने नीति अबलम्बन गरिनेछ।

४५  जन आन्दोलन तथा सशस्त्र संघर्षको क्रममा शहिद तथा बेपत्ता  परिवारहरुलाई शहिद स्मृति भत्ता र घाईते अपांगहरुलाई जीवन निर्वाह भत्ताको व्यवस्था गरिनेछ। द्धन्द प्रभावित महिलाहरुलाई आयआर्जनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने नीति लिइनेछ। बालबिबाह न्यूनिकरण, बालपोषणको महत्व, आत्माहत्या न्यूनिकरण र घरेलु हिसांको विषयमा सासुबुहारी अन्तरक्रियात्मक कार्यक्रमका लागि बजेट व्यवस्थापन गरिनेछ।

<u>ग)  पूर्वाधार विकासः</u>

४६  गाउँपालिकाको आवधिक योजना, ग्रामिण यातायात गुरुयोजना, अनुसार अति आवश्यकीय स्थानमा सडकको नयाँ ट्र्याक खोलिनेछ। ट्र्याक खोलिएका सडकहरूको स्तरोन्नती गरिनेछ। शशर्त कार्यक्रमबाट काक्रीवाङ वर्सेनी चदेरीमेला सडक स्तरोन्नती, पुरमा कुनाखेत सडक,  स्वारा भाटी भैसीमेला सडक, निगालपानी सुनछहरी सडक निर्माण, थारमारे पालकोट खानेपानी योजना, चमेरे सेजे खानेपानी योजना निर्माण,  १० नं वडा कार्यालय भवन निर्माण ,बाँस्थला पानीजाग्ने झोलुङ्गे पुल निर्माण योजना सन्चालन गरिनेछ।

४७:-  स्थानिय तह, प्रदेश र केन्द्र सरकारको अन्तरसम्बन्धमा आधारित लागत सहभागितामा सञ्चालित आयोजनाहरुलाई प्राथमिकता दिइने छ।

४८  नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड तथा बाँफिकोट गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता अनुरुपको बस्ति विकास योजनालाई लागु गरी व्यवस्थित पूर्वाधारको निर्माण गरिनेछ।

४९ निर्माण गरिने सार्वजनिक पूर्वाधारहरूको दीगोपना र गुणस्तर कायम गर्नका लागि गाउँपालिकामा पूर्वाधार ल्याव स्थापना गर्न आवश्यक पहल गरिनेछ। आयोजनाको आयु निर्धारण गरी गुणस्तर प्रवर्धनमा जिम्मेवार बनाइनेछ।

५०  विकास निर्माणका कार्यहरुमा गुणस्तर कायम गर्न निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाईने छ।

५१ भौतिक पूर्वाधार निर्माणको गुणस्तर परीक्षण गर्न जिल्ला भित्र रहेका सम्बन्धित निकायहरुसँग सहकार्य गरी गाउँक्षेत्र भित्र हुने भौतिक पुर्वाधार निर्माण कार्यको गुणस्तर सुनिश्चित गरिनेछ।

५२  भुकम्प प्रतिरोधी भवन निर्माणको लागि प्रोत्साहन गर्न डकर्मीहरुको प्रमाणपत्रलाई आधार मानेर निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। नक्सा पास तथा भवन निर्माण प्रक्रियामा तालिम लिएका डकर्मीहरुको प्रमाणपत्र राखेर निर्माण प्रक्रिया अगाडी बढाउने नीति लिइनेछ। विद्युत लाइन पुग्न बाँकी वस्तीहरूमा विद्युत लाइन विस्तार गरिनेछ।

५३ बाँफिकोट गाउँपालिकामा भइरहेको क्रमिक जनसंख्या वृद्धि तथा बढ्दो सहरीकरणलाई मध्य नजर गर्दै गाउँपालिका क्षेत्रभित्र व्यवस्थित बसोबास गराउने उदेश्य एकीकृत बस्ति विकास कार्यक्रमलाइ अगाडि बढाइनेछ।

५४ पूर्वाधार निर्माणमा उपभोक्तालाई सहभागि बनाइनेछ। जनसहभागितामा आधारित विकास आयोजनालाई प्राथमिकता दिइनेछ। निर्माण कार्यको गुणस्तर प्रवर्धन र कानुनी प्रक्रियाबारे अभिमुखीकरणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ। 'एक घर एक खानेपानी धारा' को अभियानलाई थप विस्तार र व्यवस्थित गरिनेछ। खानेपानी सुरक्षा योजना सञ्चालन गरिनेछ। सबै आयोजनाहरू सम्बन्धित उपभोक्ताहरूलाई हस्तान्तरण गरी मर्मत सम्भारमा जिम्मेवार बनाइनेछ।

५५ जलाधार क्षेत्र र पानीका मुहानहरूको संरक्षणका लागि सुख्खा डाँडा तथा नदी किनारका फाँटमा वृक्षारोपण अभियानका साथै वन तथा वन्यजन्तु विशेष सुरक्षित क्षेत्रको विकास गरिनेछ। त्यसका लागि वन नर्सरी स्थापना गरी सञ्चालनमा ल्याइनेछ। सामुदायिक वन उपभोक्ता समितिलाई वन तथा वन्यजन्तु संरक्षणमा जागरूक र क्रियाशील बनाइनेछ। प्रचलित ऐन अनुसार सामुदायिक वनबाट प्राप्त हुने राजस्व तथा कर नियमित गरिनेछ।

५६ भौतिक संरचनाहरू निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री र वातावरणमैत्री बनाउन विशेष ध्यान दिइनेछ। पूर्वाधार विकास गर्दा हुनसक्ने भूक्षयलाई कम गर्नका लागि बायो-इन्जिनियरिङ पद्धतिलाई अवलम्बन गरिनेछ।

५७ आवास विहीनका लागि आवासको व्यवस्था मिलाइनेछ। सङ्घ तथा प्रदेश सरकारसँगको सहकार्यमा भूमिहीन तथा घरवारविहीन विपन्न परिवारहरूको आवास निर्माण गरिनेछ।  सुरक्षित नागरिक आवास कार्यक्रम लाइ निरन्तरता दिइनेछ।

५८ योजना मर्मत सम्भारका लागि छुट्टै मर्मत सम्भार कोष खडा गरि सञ्चालनमा ल्याईने छ। सडक मापदण्ड स्वीकृत गरी कार्यक्रम अघि बढाईनेछ।

५९  स्यार्पु ताल संरक्षण तथा घेरबार,कुवाङदेखि पुमा पाथीभरा सिस्ने गुप्तदह सम्मको पर्यटकीय सडक, भम्पु, पाथेहाल्ना पर्यटकीय ट्र्याक मार्ग तथा पार्किङ व्यवस्थापन गर्ने लगायतका यस पालिकाको ऐतिहासिक महत्व बोकेका विभिन्न योजनाहरु माग गर्नका लागि प्रदेश सरकार, संघ सरकारसँग समन्वय गरिनेछ। यस पालिका भित्रका विभिन्न स्थानमा निर्माण हुने सडकहरुमा ढलनिकासको लागि नाला अनिवार्य रुपमा निर्माण गरिनेछ। पुराना वर पीपल चौतारीहरुको संरक्षण र नयाँ ठाउँमा वर पिपल रोपिनेछ।

६०  सबै घरमा बिजुली बत्ती पुऱ्याउनको लागि विद्युत प्राधिकरण सँग समन्वय एवम् सहजिकरण गरिनेछ।

६१  सडक अधिकार क्षेत्र निर्धारण गर्ने सडक रुट तोक्ने, यातायात भाडा दर तोक्ने पालिका यातायात सेवा संचालन गर्ने गाडि मोटरसाइकल मर्मत क्षेत्र व्यवस्थापन गर्ने, पुराना र मापदण्ड विपरितका सवारी साधनमा रोक लगाई ट्राफिक नियम पालनामा जोड दिई यातायात व्यवस्थापनलाई चुस्त दुरुस्त बनाईनेछ।

६२  पालिकाले आफ्नो क्षेत्रमा डोजर संचालन गर्दा वातावरणीय जोखिमलाई मध्यनजर गरि मात्र डोजर संचालन गर्न दिने र यसको कडाईका साथ अनुगमन गरिनेछ।

६३  सबै योजनाको सम्झौता प्रत्येक वडामा उपभोक्ताहरुको रोहवरमा गरिनेछ र सार्वजनिक लेखा परिक्षण सक्कल विल भर्पाईको आधारमा मात्रै गरिनेछ।

६४  पालिकाका १० वटै वडालाई प्रतिनिधित्व गर्ने गरि रिङ रोडको निर्माणलाई निरन्तरता दिइनेछ। विकट लेखाबाङ क्षेत्रलाई सडक सञ्जालमा जोडन आवश्यक पहल गरिनेछ।

६५  सडक सन्जालमा नजोडिएका वस्तीहरुलाइ सडक सन्जालमा जोडिनेछ ।

६६  पालिकास्तरका सम्पूर्ण विद्युत प्रसारण लाईनहरु तथा थ्रि-फेज लाईन विस्तार एवम् मर्मतका लागि पहल गरिनेछ।

६७ विकास निर्माण प्रक्रियामा समावेशी नीति लिईनेछ ।

<u>रोजगारी सिर्जनाः</u>

६८  कृषि र वनमा आधारित उद्योग, व्यवसाय, श्रम बैंक, उद्यमशीलता पर्वद्धन मार्फत युवा बेरोजगारहरुलाई संगठित गरी परिचालन गर्ने नीति अवलम्बन गरिनेछ। पालिकाबाट छनोट गरिने योजनाहरु रोजगारमूलक योजना  छनोट गरिनेछ। प्राविधिक तथा व्यवसायिक तालिम केन्द्रको संचालन गरि स्वरोजगारमुलक कार्यक्रम संचालन गरिनेछ । रोजगार शाखा मार्फत  श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम, आन्तरिक रोजगारी प्रवद्धनकालागि वैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुलाई उद्यमशिलता प्रवर्धन कार्यक्रम, रोजगार संवाद मन्चको सन्चालन, स्थानीय तहको विषयगत समिति,श्रम तथा रोजगार स्वास्थ्य सहकारी जेसी न्यायिक समिति अनुगमन समिति वेदेशिक रोजगारी सम्बन्धी सेवालाई संस्थागत गर्ने सम्बन्धमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सन्चालन गरिनेछ । मनोसमाजिक परामर्शकर्ताको  ब्यवस्था गरिनेछ ।

६९  रोजगार सेवाकेन्द्र मार्फत बेरोजगारहरुको अभिलेख व्यवस्थित र अध्याबधिक गरिनेछ। पुर्वाधार निर्माण तालिम, भुकम्प प्रतिरोधात्मक संरचना निर्माण गर्ने दक्ष मिस्त्रि, सिकर्मी, डकर्मी, खानेपानी, झोलुङ्गे पुल, सडकपुल, ठुला भवन निर्माण, रंगरोगन, प्लम्बिङ, वायरिङ, सटरिङ आदि विषयमा तालिम दिई स्थानीय जनशक्तिको उत्पादन गरि रोजगार उपलब्ध गराउन विषेश जोड दिईनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट रोजगार पाउने गरि व्यवस्थित र सहि रुपमा संचालन गर्ने नीति अबलम्बन गरिनेछ। कृषि उत्पादन र कृषि उद्योगबाट रोजगार सृजना गर्न पहल गरिनेछ ।

<u>घ) वातावरण संरक्षण तथा विपद् व्यवस्थापनः</u>

७०:-   प्राकृतिक सम्पदाको संरक्षण गर्दै सार्वजनिक जग्गाहरुमा वन विस्तारलाइ जोड दिदै सामुदायिक वनहरुको संस्थागत विकास गरिनेछ । सामुदायिक वन उपभोक्ता समितिहरुको क्षमता विकास कार्यक्रम सन्चालन गरिनेछ । बाँफिकोट गाउँपालिका अन्तर्गत रहेका सामुदायिक वनक्षेत्रमा वृक्षारोपण गरि हराभरा वन बनाउने कार्यक्रमको थालनी गरिनेछ।

७१  विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अनुसार विपद् व्यवस्थापनका कार्यहरू अगाडि बढाइनेछ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको कार्यान्वयन गरिनेछ । विपद् जोखिम रोकथाम, तयारी, राहत तथा पुनस्थापनाका लागि कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याइनेछ । योजना छनोट तथा संचालन गर्दा वातावरण संरक्षणलाइ पहिलो प्राथमिकता दिइनेछ । सन्चालित उद्योगलाई वातावरणीय पक्षमा सुधारका लागि प्रभावकारी कार्य गर्न प्रोत्साहन गरिनेछ। खानेपानीका प्राकृतिक मुल संरक्षण तथा नदिनालाको संरक्षणमा विशेष ध्यान दिइनेछ। राष्ट्रिय वन, सामुदायिक वन लगायतका विभिन्न वनहरुको सिमा नक्साङ्कन गरि सिमा छुट्टयाउनुका साथै जिल्ला वन कार्यालयमा दर्ता नभएका वनहरु दर्ता गर्नका लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

७२ वडास्तरमा विपद व्यवस्थापन समित गठन,भौगर्भिक अध्ययन, जोखिम वस्ती स्थानान्तरण, खोज उद्दार तथा प्राथमिक उपचार तालिम, DPRP - अद्यावधिक NDRRMA Guideline अभिमुखीकरण कार्यक्रम,  विपद व्यवस्थापन सामग्री खरीद, Forecast Based Action Protocol and Impact Based Forecast  अभिमुखीकरण कार्यक्रम,  विपद व्यवस्थापन कोष लगायतका कार्यक्रम सन्चालन गरिनेछ ।

७३  सामुदायिक वनहरुको उपभोक्ता समितिहरु मार्फत संरक्षण, संर्वद्धन गर्ने र कवुलियति वनबाट कम आय भएका व्यक्तिहरुका लागि आयआर्जनका कार्यक्रम संचालन गरिनेछ। सामुदायिक वनहरुको आय र अनुगमन स्थानीय सरकार ऐन अनुसार व्यवस्थित गरिनेछ। वृक्षारोपण, जलाधार संरक्षण, विपद जोखिम नक्साङ्कन गर्ने जस्ता कार्यलाई विषेश जोड दिईनेछ। स्थानीय स्तरमा भएका विभिन्न स्रोतहरु जस्तैः काठ, ढुङ्गालाई संघीय सरकार तथा प्रदेश सरकारको नीति अनुसार वातावरणलाई हानि नपर्ने गरि उपयोग गर्ने व्यवस्था मिलाईनेछ। विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई तत्काल सहयोग गर्ने गरि मानवीय स्रोत र विपद् व्यवस्थापन कोषको व्यवस्था गरिनेछ।

७४  जलवायु अनुकुलन योजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ। आपतकालीन केन्द्र स्थापना तथा स्वयंसेवकहरु तयार गरि परिचालन तथा संचालनमा ल्याइनेछ।

७५ सानीरी नदीले पालिका भित्र कटान गरेका कुनाखेत, लामातरा डुब्का राजिखेत गाराघाट, भेराखेत, जग्रा भाग्ले, बालुवाचौर, बोजेरी,बडगाईखोला लगायतका ठाउँमा तटबन्धन निर्माण गरिनेछ। "एक गाउँ एक नर्सरी" र "एक घर दश फलफुल बिरुवा" कार्यक्रम लागु गरिनेछ।

<u>ङ) संस्थागत विकास, सुशासन र सेवा प्रवाहः</u>

७६ गाउँपालिकाको संगठन संरचना तथा दरवन्दी सर्वेक्षण गरि आवश्यक जनशक्ति ब्यवस्थापन गरिनेछ । वडा कार्यालय, स्वास्थ्य कार्यालय लगायत कृषि, पशुसेवा शाखाको कार्यालय भवन निर्माण गरिनेछ।

७७ सेवाग्राहीहरुलाई सहज तरिकाले सेवा प्रवाह गर्नका लागि आवश्यक मापदण्ड तयार गरि एकीकृत तथा घुम्ती शिविर सन्चालन गरिनेछ ।

७८ सेवा प्रवाहलाई विश्वसनीय र परिणाममुखी बनाउन टोकन र टाइम कार्ड प्रणालीलाई लागु गरिनेछ । विभिन्न शाखाहरूबाट प्रदान गरिने सेवाहरूलाई एकै स्थानबाट सेवा प्रदान गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ। कार्यालयका सूचनालाइ मोवाइल सूचना प्रवाह हुने व्यवस्था मिलाइनेछ। कार्यालयसँगको सहज सम्पर्कका लागि टोल फ्री नम्बर सञ्चालनमा ल्याइनेछ । एम आइ एस अपरेटर तथा फिल्ड सहायकको लागि थप आवश्यक पारिश्रमिक गाउँपालिकाबाट गरिनेछ ।

७९ बाँफिकोट गाउँपालिकावाट प्रवाह हुने सेवा सुविधा प्रति नागरिकको सेवा प्रतिको सन्तुष्टि मापन गर्ने कार्यलाई निरन्तरता दिईने छ । साथै गाउँपालिकासँग सम्बन्धित नागरिकका गुनासोहरूलाई सम्बोधन गर्न उच्चतम प्रविधिको प्रयोग गरि गुनासोहरुको सङ्कलन, सुनुवाइ र सम्बोधन कार्यलाई व्यवस्थित गरिने छ ।

८० गाउँपालिकाको संस्थागत सुशासन र मानव संसाधन विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी सङ्घसंस्थाहरूसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइने छ। कार्यपालिका कार्यालको सेवा प्रवाहलाई थप व्यस्थित र प्रभावकारी बनाउन नागरिक सहायता कक्ष सञ्चालन गरिनेछ। जेष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला, बालबालिका, अपाङ्गता भएका सेवाग्राहीहरूलाई सेवामा पहिलो प्राथमिकता दिइनेछ।

८१ विद्युतीय सूचना प्रणाली (E- Governance System) को नीति अवलम्बन गरिनेछ। साथै, जनप्रतिनिधि र कर्मचारीहरुको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक विषयगत र क्षेत्रगत क्षमताको विश्लेषण मार्फत संस्थागत सुशासन कायम गर्ने नीति लिईने छ। बाँफिकोट गाउँपालिकाको वस्तुस्थिति झल्किने गरि डिजिटल गाउँ पाश्वचित्र (Municipal Digital Profile) निर्माण गरि नियमित अद्यावधिक गर्ने व्यवस्था मिलाइने छ। GIS Based House Numbering गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

८२ न्यायिक समितिबाट सम्पादन हुने कार्यलाई व्यवस्थित र प्रभाबकारी रुपमा कार्यान्वयन गर्न मेलमिलाप केन्द्रको स्थापना तथा मेलमिलापकर्ताहरुलाई तालिम तथा सूचिकरणको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ।

८३ न्यायिक समितिको प्रभावकारिता अभिवृद्धिकालागि कानुनी साक्षरता कार्यक्रम संचालन गरिनेछ। अति विपन्न नागरिकहरुलाई निःशुल्क कानुनी सेवा प्रदान गरिनेछ।

८४ शाखा प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता गरी सोही आधारमा दण्ड तथा पुरस्कारको व्यवस्था गरिनेछ। बाँफिकोट गाउँपालिका बाहिर स्थायी ठेगाना भइ बाँफिकोट गाउँपालिकामा कार्यरत कर्मचारीलाइ कर्मचारी आवासको सुविधा उपलब्ध गराइनेछ।

८५ पालिकाका हरेक निर्णयहरु पालिकाको वेव साइट, सूचना पाटि,संचार माध्यम मार्फत प्रकाशन गरिनेछ। एकिकृत सेवा प्रवाहकालागि संस्थागत सुदृढिकरण, क्षमता विकास, तथा आवश्यक पूर्वाधारको निर्माण गरिनेछ।

८६ पहिलेको बेरुजु रकम फछ्र्यौट गरि बेरुजु शुन्य पालिका बनाउने नीति लिइनेछ। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत सम्पूर्ण वडाहरुमा सहज तरिकाले सेवा प्रवाह गर्नका लागि अभिमुखिकरण एवम् तालिम सञ्चालन गर्ने नीति लिइनेछ।

८७ औपचारिक, अनौपचारिक र स्वरोजगार क्षेत्रमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८२ लाई कार्यपालिकाबाट पास गराई उक्त कोषमा आबद्ध हुन चाहने जनसुकै व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराईनेछ र सो को लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गरिनेछ।

<u>सूचना तथा संचार प्रविधिः</u>

८८ गाउँपालिकालाई बदलिदो परिवेशसँग सामना गर्न सूचना तथा संचार प्रविधिको विकासमा आवश्यक पर्ने स्रोत साधनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

८९ गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवा सुविधाहरु जस्तैः दर्ता चलानी, सिफारिस, योजना व्यवस्थापन प्रणाली, राजश्व तथा अन्य सेवाहरु अनलाइनबाट प्रवाह गरिनेछ।

८९ यस गाउँपालिकाबासिहरुको गुनासो सम्वोधन, जिज्ञासा मेट्न एवम् सूचना प्रदान गर्नका लागि टोल फ्रि नं. सञ्चालनमा ल्याईनेछ। सबै कार्यालय र विद्यालयहरुबाट सुचना प्रविधिमा आधारित डिजिटल सेवा प्रदान गरिनेछ। डिजिटल हाजिरी, सिसिटिभि, वेवसाइट, ग्रुप एस एम एस, इमेल, अनलाइन प्रविधि र सफ्टवेयरको प्रयोगबाट छरितो प्रभावकारी सेवा प्रदान गरिनेछ।

९० स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकंन प्रणाली (LISA), स्थानीय तहको बित्तिय सुशासन जोखिम प्रणाली (FRA) सँग सम्बन्धित कार्यमा अभिमुखिकरण /तालिम सन्चालन गरिनेछ।

आर्थिक प्रशासन, राजस्व तथा कर प्रणालीः

९१ वित्तिय मितव्ययितालाई अनुभव हुने गरी कायम गरिनेछ। अनलाइन तथा इ पेमेन्ट लाइ अनिवार्य तथा पूर्णरुपमा लागु गरिनेछ। आन्तरिक आयको वृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइने छ।

९२ करको दायरा फराकिलो बनाउँदै करका दरहरुमा राजश्व परामर्श समितिको सिफारिसलाइ आधार लिइ आवश्यक हेरफेर गरिनेछ। महालेखा नियन्त्रकको कार्यालयबाट सन्चालित राजस्व पोर्टलको प्रयोग गरि राजस्व संकलन गर्ने तथा आम सेवाग्राहीलाइ प्रयोग गर्ने प्रोत्साहन गरिनेछ। करको दायरा भित्र नपरेका र सार्वजनिक तथा सरकारी जग्गामा बसी व्यापार व्यवसाय गर्ने व्यवसायीहरु सँग मापदण्ड कर लिने नीति लागु गरिनेछ।

संगठन तथा जनशक्ति व्यवस्थापनः

९३ कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन प्रचलित कानुन तथा करार सेवा निर्देशिका र मापदण्डको आधारमा गरिनेछ। यस अघि गरिएका सेवा करारलाइ कार्यालयको आवश्यकता; स्रोत, साधन तथा क्षमता तथा ब्यक्तिको योग्यता, कार्य सम्पादन मूल्याङ्कन लाई हेरी निरन्तरता दिने नीति लिइने छ।

९४ उत्कृष्ट कर्मचारीलाई कार्यसम्पादनका आधारमा पुरुस्कृत गर्ने व्यवस्था गरिनेछ। मौजुदा जनशक्तिलाई समयानुकुल सक्षम बनाउन आन्तरिक एवम् बाह्य सहयोगका आधारमा तालिम दिने नीतिलाई प्राथमिकता दिइनेछ।

९५ यस पालिका भित्र रहेका अपाङ्ग, विपन्न, दलित, जनजाति, महिला, गरिब लगायत विभिन्न समुदायमा छरिएर रहेका विद्यार्थीहरुलाई राष्ट्रप्रति अभिप्रेरित गर्दै लोकसेवा आयोग तयारी कक्षाहरु सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

९६ राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एवम् विस्तारीकरणमा जोड दिइनेछ। आन्तरिक र अन्तिम लेखापरीक्षण कार्य प्रभावकारी रुपमा गराइने छ। समयमै बेरुजु फछ्यौट गर्ने कार्यलाई कडाइ गर्नुका साथै कानुनी दायरामा ल्याइने छ। आर्थिक वर्ष २०८२/०८३ लाई बेरुजु फछ्यौट वर्षका रूपमा लिइनेछ।

९७ पारदर्शिता र जनउत्तरदायी एवम् सुशासन प्रवर्द्धनका लागि गाउँ कार्यपालिकाको कार्यालय र सो मातहतका सबै निकायले त्रैमासिक रुपमा सार्वजनिक सुनाइ गर्ने व्यवस्था मिलाइनेछ। सभा, सम्मेलन, बैठक लगायतका औपचारिक कार्यक्रमहरू निर्धारित समयमै सुरु र अन्त्य गर्ने संस्कारको विकास गरिनेछ।

९८ स्थानीय एफ.एम. रेडियो, पत्रपत्रिका र अनलाइनलाई व्यवस्थित गरिनेछ। सञ्चार माध्यमहरूको पूर्वाधार विकास तथा कार्यक्रम उत्पादन र प्रशारणका लागि साझेदारी गरिनेछ। गाउँपालिकाका गतिविधिहरू आम नागरिक समक्ष पुऱ्याउन रेडियो कार्यक्रमका साथै सूचना तथा सन्देश प्रशारण तथा प्रकाशनलाई निरन्तरता दिइनेछ

९९ समाजमा शान्ति र अमनचयन कायम गर्न विवादको दीगो समाधान गर्न न्यायीक समितिलाई सरल, सहजका साथै सुव्यवस्थित र चुस्तदुरुस्त बनाइनेछ। न्यायीक समिति, वडाका मेलमिलाप केन्द्रका पदाधिकारी तथा स्थानीय अगुवाहरूका लागि न्यायिक सचेतना तथा कानुनी शिक्षा प्रदान गरिनेछ।

१०० बाँफिकोट गाउँपालिकामा कार्यक्षेत्र बनाइ काम गर्ने गैरसरकारी सङ्घ संस्थाहरूले आफ्नो बजेट तथा कार्यक्रम अनिवार्य रूपमा स्वीकृत गराइ कार्यान्वयन गर्नुपर्ने व्यवस्था लागू गरिनेछ।

१०१ विद्यालयमा शिक्षकको सहज पदपूर्तिका लागि गणित, अङ्ग्रेजी र विज्ञान मुल विषयमा उच्च मावि तथा स्नातक अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रोत्साहन गरिने। विपन्न विद्यार्थीहरूका लागि गाउँपालिका स्तरीय छात्रवृति कोष स्थापना गरी सहायता दिइनेछ।

| |
|---|
| |
| १०२ बाँफिकोट गाउँपालिका क्षेत्रभित्र स्थायी ठेगाना भइ शिक्षक, कर्मचारी, सेना, प्रहरी लगायतका क्षेत्रमा स्थायी नियुक्ति हुने नागरिकलाई बधाईसंहित सम्मान गरिने। जोखिमयुक्त कार्यमा खटिने प्रहरी, कर्मचारी,स्वास्थ्य कर्मी, जनप्रतिनिधिहरूको म्यादी जीवन बिमा गरिने। कर्मचारी कल्याणकारी कोषको स्थापना गरिने। |
| |
| गाउँ सभासदस्य ज्यूहरु, |
| |
| अन्त्यमा यो नीति तथा कार्यक्रमका सम्बन्धमा मार्गदर्शन एवम् रचनात्मक सुझाव दिनुहुने अग्रज व्यक्तित्वहरु, गाउँसभाका सदस्यज्यूहरु, सबै राजनीतिकदल, गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, बुद्धिजिवि, सुरक्षाकर्मी, निजी क्षेत्र, पत्रकार लगायत सबै बाँफिकोट गाउँपालिकाबासिमा हार्दिक आभार व्यक्त गर्दछु। धन्यवाद! |
| |
| जनक कुमार बाठाँ मगर अध्यक्ष, |
| बाँफिकोट गाउँपालिका रुकुम (पश्चिम) |
| मिति २०८२।३।१०। |